आज मिति २०८१। ०१ । ३० गते बिहान ८:०० बजे यस गोरखा नगरपालिकाका नगर प्रमुख श्री कृष्ण वहादुर राना मगरज्यूको अध्यक्षतामा वसेको नगरकार्यपालिकाको वैठकमा देहायका कार्यपालिका सदस्य हरुको उपस्थिति रहेको छ ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | कृष्ण बहादुर राना मगर | |
| २ | नगर उप प्रमुख | मसली माया थोकर | |
| ३ | वडा नं. १ वडा अध्यक्ष | हिक्मत बहादुर कुँबर | |
| ४ | वडा नं. २ वडा अध्यक्ष | रहम तुल्ला मियाँ | — |
| ५ | वडा नं. ३ वडा अध्यक्ष | चुल बहादुर कुँबर | |
| ६ | वडा नं. ४ वडा अध्यक्ष | लाल प्रसाद भट्टराई | |
| ७ | वडा नं. ६ वडा अध्यक्ष<br>वडा नं. ५ वडा अध्यक्ष | राजेन्द्र कुमार जोशी दिलिप)<br>श्री हरी राम पौडेल | |
| ८ | वडा नं. ७ वडा अध्यक्ष | विष्णु प्रसाद श्रेष्ठ | |
| ९ | वडा नं. ८ वडा अध्यक्ष | ऋषि राम खत्री | |
| १० | वडा नं. ९ वडा अध्यक्ष | कुल ब. कुँवर | |
| ११ | वडा नं. १० वडा अध्यक्ष | प्रदिप कुंबर | |
| १२ | वडा नं. ११ वडा अध्यक्ष | राम ब. खड्का | |
| १३ | वडा नं. १२ वडा अध्यक्ष | डिल ब. थापा (मगर) | |
| १४ | वडा नं. १३ वडा अध्यक्ष | मित्रा परियार | |
| १५ | वडा नं. १४ वडा अध्यक्ष | गोपाल वहादुर थापा | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री रन्जिला श्रेष्ठ | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री सावित्रा थापा पुलामी | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री अप्सरा नेपाली रेग्मी | |
| २० | नगर कार्यपालिका सदस्य | श्री पम्फा गान्धारी | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री सीता मग्राती (अछामी) | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री पवित्रा वि.क. | पवित्रा |
| २३ | नगर कार्यपालिका सदस्य | श्री राम वहादुर रम्तेल | |
| २४ | प्रमुख प्रशासकीय अधिकृत | श्री कृष्ण प्रसाद सुवेदी | |
| | अन्य उपस्थिति | | |
| १ | का. वा. वडा नं. २ अध्यक्ष | श्री कृष्ण कुमार [illegible] | |
| २ | लेखा अधिकृत | श्री तिलक [illegible] पाण्डे | |
| ३ | प्रशासकीय अधिकृत | श्री [illegible] प्रसाद अधिकारी | |
| | [illegible] अधिकृत | श्री ध्रुव प्रसाद घिमिरे | |

Scanned with CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुङ्गीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

## गोरखा नगरपालिका नगर कार्यपालिकाको मिति २०८१/०१/३० गतेको १२४औं बैठकका प्रस्ताव तथा निर्णयहरु

***प्रस्ताव नं १:***

कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

***निर्णय नं १:***

यस अघिका नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था सम्बन्धमा समीक्षा गरियो ।

***प्रस्ताव नं २:***

नगर प्रहरी (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ सम्बन्धमा ।

***निर्णय नं २:***

कार्यपालिकामा पेश हुन आएको नगर प्रहरी (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ माथि बैठकमा छलफल भयो। उक्त कार्यविधिमाथि थप अध्ययन गरी आगामी कार्यपालिका बैठक समक्ष पुनः पेश गर्ने निर्णय गरियो ।

***प्रस्ताव नं ३:***

नगर खेलकुद विकास सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा ।

***निर्णय नं ३:***

कार्यपालिकामा पेश हुन आए बमोजिमको नगर खेलकुद विकास सम्बन्धी कार्यविधि, २०८१ माथि बैठकमा छलफल भयो। उक्त कार्यविधिमाथि थप अध्ययन गरी आगामी कार्यपालिका बैठक समक्ष पुनः पेश गर्ने निर्णय गरियो ।

***प्रस्ताव नं ४:***

कर्ल्स ओभर रिजेजको विद्यालयमा खाजा कार्यक्रमको लागि विनियोजन रु. ३२,५०,०००/- को श्रोत परिवर्तन गर्ने सम्बन्धमा ।

***निर्णय नं ४:***

गोरखा नगरपालिका र कर्ल्स ओभर रिजेजको साझेदारीमा संचालन भएको विद्यालयमा खाजा कार्यक्रमको लागि शिक्षा शाखा तर्फ सामुदायिक विद्यालयमा साझेदारी कार्यक्रम अन्तर्गत दिवा खाजा कार्यक्रम शीर्षकमा नगर सभाबाट रु. ३२,५०,०००/- (स्थानीय राजस्व बाँडफाँड-ढुङ्गा, गिट्टी, बालुवा (नदिजन्य पदार्थ) उत्खनन् तथा बिक्री वितरण) विनियोजित गरिएकोमा नगरपालिकाले नदिजन्य पदार्थको आय ठेक्का आह्वान गरी श्रोत संकलन प्रक्रियामा गएतापनि पूर्ण रुपमा ठेक्का नलागेको र सो श्रोतमा अनुमान गरे बमोजिमको राजस्व संकलन हुन नसकेकोले शिक्षा शाखातर्फ विनियोजित उक्त कार्यक्रमको श्रोतलाई सूचना प्रविधि शाखा तर्फ विनियोजित योजना तथा कार्यक्रम सफ्टवेयर संचालन (श्रोतः सङ्घीय समानीकरण) कार्यक्रममा विनियोजित रु. ३२,५०,०००/- बाट श्रोत परिवर्तन गरी सोहि शीर्षकबाट साझेदारीमा संचालित दिवा खाजा कार्यक्रमको रकम विद्यालयहरुलाई निकासा दिने निर्णय गरियो ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

| क.स | कार्यक्रमको नाम | बजेट र श्रोत | परिवर्तित राजस्वको श्रोत |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालयमा साझेदारी कार्यक्रम अन्तर्गत दिवा खाजा कार्यक्रम | ३२,५०,०००/- (स्थानीय राजस्व बाँडफाँड) | सङ्घीय समानीकरण अनुदान |
| २ | योजना तथा कार्यक्रम सफ्टवेयर संचालन | ३२,५०,०००/- (सङ्घीय समानीकरण अनुदान) | स्थानीय राजस्व बाँडफाँड |

*प्रस्ताव नं ५:*

विपद व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ अनुमोदन सम्बन्धमा ।

*निर्णय नं ५:*

कार्यपालिकामा पेश हुन आए बमोजिमको विपद व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

*प्रस्ताव नं ६:*

विपद व्यवस्थापन कोष संचालन कार्यविधि, २०८१ अनुमोदन सम्बन्धमा ।

*निर्णय नं ६:*

कार्यपालिकामा पेश हुन आए बमोजिमको विपद व्यवस्थापन कोष संचालन कार्यविधि, २०८१ संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

*प्रस्ताव नं ७:*

आ.व २०८१/८२ को लागि योजना छनौट प्रक्रिया सुरु गर्ने सम्बन्धमा ।

*निर्णय नं ७:*

यस नगरपालिका तथा वडा कार्यालयहरुबाट आ.व २०८१/८२ मा संचालन गरिने योजना तथा कार्यक्रमहरु छनौट गरी आगामी नगर सभा समक्ष पेश गर्नको लागि तयारी गर्ने निर्णय गरियो ।

*प्रस्ताव नं ८:*

नगरस्तरीय योजना परिवर्तन गर्ने सम्बन्धमा ।

*निर्णय नं ८:*

गोनपा-१४ को तपशिल बमोजिमको नगरस्तरीय योजनाहरु परिवर्तन गर्ने निर्णय गरियो:

| सि.नं | साविक योजनाको नाम | विनियोजित बजेट (रु.) | परिवर्तित योजनाको नाम |
|---|---|---|---|
| १ | राइसमिल जाने बाटो कल्भर्ट ढलान | ३,००,०००/- | राइसमिल सडक निर्माण |
| २ | अकला मन्दिर निर्माण | १३,००,०००/- | अकला मन्दिर परिसर पूर्वाधार कार्य |

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

*__प्रस्ताव नं ९:__*

गोरखा आश्रमको DPR सम्बन्धमा

*__निर्णय नं ९:__*

गोनपा-६ मा रहेको गोरखा आश्रम सेवा समिति भवनको वृद्धा आश्रम, धर्मशाला, भजन कृतन हल र मन्दिर निर्माणको DPR निर्माणका लागि नगर विकास कोषलाई अनुरोध गर्ने निर्णय गरियो ।

*__प्रस्ताव नं १०:__*

टुरिज्म गाइड ट्रेनिङ संचालन खर्च सम्बन्धमा ।

*__निर्णय नं १०:__*

NATHM को प्राविधिक सहयोगमा यस नगरपालिकामा संचालन गर्न लागिएको टुरिजम गाइड ट्रेनिङ बापतको खाना, खाजा तथा होटल बास लगायतका विविध खर्च रकम रु. ३,००,०००/-, गोरखा नगरपालिकाद्वारा विनियोजित सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी शिर्षकमा विनियोजित रु. ८,००,०००/- मा खर्च भइ बाँकी रकम रु. ५,०८,८४०/- बाट खर्च गर्ने निर्णय गरियो ।

*__प्रस्ताव नं ११:__*

गोनपा-१३ भट्टवेशी सडकको ढुंगा फुटाउने खर्च सम्बन्धमा ।

*__निर्णय नं ११:__*

गोनपा-१३ भट्टवेशी सडकमा खसेको ढुंगा फुटाउनको लागि मर्मत संभार शीर्षकमा विनियोजित रु. ४०,००,०००/- मध्येबाट बाट रु. १,००,०००/- खर्च गर्ने निर्णय गरियो ।

*__प्रस्ताव नं १२:__*

सहकारीका ऋणीहरुलाई ऋण तिर्ने बारेको सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

*__निर्णय नं १२:__*

गोरखा नगरपालिका भित्र कार्य क्षेत्र रहेका तोकिएको समयमा ऋण रकम भुक्तानी नगरेका सहकारी संस्थाका ऋणीहरुलाई समयमै ऋण चुक्ता गर्नको लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

*__प्रस्ताव नं १३:__*

खेलकुदको लागि रकम विनियोजन गर्ने सम्बन्धमा ।

*__निर्णय १३:__*

नगरपालिका भित्र संचालन हुने विभिन्न खेलकुद कार्यक्रम संचालन र व्यवस्थापनको लागि सुरु विनियोजित बजेट अपुग हुने देखिएकोले कार्यक्रम खर्च शीर्षकमा विनियोजित रकम रु. १०,००,०००/- मध्येबाट रु. ५,००,०००/- खर्च गर्ने निर्णय गरियो ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

<u>प्रस्ताव नं १४:</u>

आयुर्वेद शाखामा फल्स सिलिङ राख्ने सम्बन्धमा ।

<u>निर्णय नं १४:</u>

गोरखा अस्पतालमा रहेको यस नगरपालिकाको आयुर्वेद शाखामा फल्स सिलिङ राखको लागि निर्मित सार्वजनिक सम्पत्तिको मर्मतसंभार शीर्षकमा विनियोजित रु. १०,००,०००/- मध्येबाट रु. ७०,०००/- खर्च गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं १५:</u>

मगर संघको राष्ट्रिय अधिवेशनको लागि बजेट विनियोजन गर्ने सम्बन्धमा ।

<u>निर्णय नं १५:</u>

गोरखामा आयोजना हुने नेपाल मगर संघको २८औं राष्ट्रिय अधिवेसनको लागि कार्यक्रम खर्च शीर्षकमा विनियोजित रकम रु. १०,००,०००/- मध्येबाट रु. २,५०,०००/- खर्च गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं १६:</u>

मझुवा प्रहरी चौकी अधुरो भवन सम्पन्नको लागि बजेट व्यवस्थापन सम्बन्धमा ।

<u>निर्णय नं १६:</u>

मिति २०८०/०७/१७ को कार्यपालिका बैठकको निर्णयानुसार मझुवा प्रहरी चौकी अधुरो भवन निर्माण कार्यको लागि रु. २,००,०००/- विनियोजन गरिएकोमा विनियोजित शीर्षकमा अन्य कार्यक्रमको समेत निर्णय भइ खर्च भैसकेको र हाल मझुवा प्रहरी चौकी अधुरो भवन निर्माण कार्य सम्पन्न भइ भुक्तानी माग भइ आएकोले सूचना प्रविधि शाखातर्फ विनियोजित फाइल ट्राकिङ तथा अपोईन्मेन्ट व्यवस्थापन प्रणाली संचालन शीर्षकमा विनियोजित रु. २,५०,०००/- बाट भुक्तानी दिने निर्णय गरियो ।

<u>प्रस्ताव नं. १७ विविधः</u>

<u>निर्णय नं. १७(क)</u> गोरखा नगरपालिका वडा नं. १४, भट्टेबेंशीमा शिवालय मन्दिर निर्माणको लागि मठ मन्दिर निर्माण तथा व्यवस्थापन शीर्षकबाट रु. ३,००,०००।- (तीन लाख) विनियोजन गर्ने निर्णय गरियो।

<u>निर्णय नं. १७(ख)</u> गोरखा नगरपालिकाको नगरस्तरीय योजना तथा कार्यक्रम अन्तरगत गोरखा क्याम्पस शैक्षिक तथा भौतिक पूर्वाधार व्यवस्थापन शीर्षकमा विनियोजित रकम रु. १५,००,०००।- (पन्ध्र लाख) लाई गोरखा क्याम्पस गोरखालाई अनुदानको रुपमा उपलब्ध गराउने निर्णय गरियो।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner